सर्वोच्च अदालत
काठमाण्डौं

सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७८।११।०६ गतेको निर्णयानुसार उच्च अदालत तथा जिल्ला अदालतमा गोला प्रक्रियाद्वारा पेसी व्यस्थापन गर्ने सम्बन्धमा बनेका निर्देशिकाहरूमा भएको संशोधन एवम् थपः-

(क) <u>उच्च अदालतमा गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापनसम्बन्धी कार्यविधि निर्देशिका, २०७८</u>

(१) निर्देशिकाको दफा ५ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्ने,
"खाजा समय अगाडी अभियोग पत्रसाथ उपस्थित गराईएका वा पक्राउ परी आएका वा हाजिर हुन आएका प्रतिवादीको वयान र थुनछेक सोही दिनको खाजा समयमा गोला प्रक्रियाद्वारा मुद्दा बाँडफाँट गरी सुनुवाई गर्न सकिनेछ।"

(२) "दफा ११ को उपदफा (३) मा रहेको "भैपरी आउने" भन्ने शब्दहरू पछि "मिलापत्र, पुनरावेदन वा निवेदन फिर्ता लगायतका" शब्दहरू थप गर्ने।"

(ख) <u>जिल्ला अदालतमा गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन सम्बन्धी कार्यविधि निर्देशिका, २०७८</u>

(१) "दफा ६ को उपदफा (२) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने।"
"तर भैपरी आउने मिलापत्र तथा मुद्दा फिर्तासम्बन्धी निवेदनको कारवाहीका लागि सोही दिन गठन भएको सम्बन्धित फाँटको नम्बर अंकित समूह सूची र सो दिन उक्त समूहको पेसी सूची स्थगनमा परेको भए संकेताङ्कको अघिल्लो क्रममा रहेको इजलासमा थप गरी कारवाही गर्न कुनै बाधा पर्ने छैन।"

(२) निर्देशिकाको दफा ६ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने,
"खाजा समय अगाडी अभियोग पत्रसाथ उपस्थित गराईएका वा पक्राउ परी आएका वा हाजिर हुन आएका प्रतिवादीको वयान र थुनछेक सोही दिनको खाजा समयमा गोला प्रक्रियाद्वारा मुद्दा बाँडफाँट गरी सुनुवाई गर्न सकिनेछ।"